# ५ परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको बाटो कसरी अङ्गाल्ने

*यस अध्यायका मूल पदहरू:* लूका ५:२७-३२, लूका १३:१-५, मत्ती २२:२-१४, जकरिया ३:१-५, यूहन्ना ८:३०,३१, लूका १४:२५-२७।
*स्मरण गर्नुपर्ने मूल पद:* **"मरूभूमीमा मोशाले सर्पलाई माथि उचालेका थिए। त्यसरी नै मानिसको पुत्रलाई पनि उचालिनुपर्दछ। अनि प्रत्येक व्यक्ति जसले उहाँलाई विश्वास गर्छ त्यो परमेश्वरसँग सदासर्वदा रहिरहन सक्दछ।" (यूहन्ना ३:१४,१५ रूपान्तरित)।**

**इस्राएलीहरू मरुभूमीमा यात्रा गरिरहेको बेलामा एक फेरा सर्पहरूले टोकेका थिए।** परमेश्वरले मोशालाई ढलौतको सर्प बनाएर खम्बामाथि झुन्डयउन अऱ्हाउनुभएको थियो। जसलाई सर्पले टोकेको थियो त्यसले त्यस ढलौतको सर्पलाई हेऱ्यो भने त्यो मानिस बाँच्दथ्यो।

के ढलौतको सर्पले मानिसहरूलाई निको पार्न सक्थ्यो र? अहँ पार्दैनथ्यो! परमेश्वरले मात्र निको पार्न सक्नुहुन्छ। तर इस्राएलीहरूले त्यस सर्पलाई हेर्दा तिनीहरूले परमेश्वरमाथि विश्वास राखेर हेर्नुपर्थ्यो। त्यसको अर्थ जीवन र मुक्तिको आशा केवल परमेश्वरमाथिको आस्थाले मात्र पाउँछ भनेर तिनीहरूले देखाएका थिए।

परमेश्वरमाथिको विश्वासमा डगमगिने ती इस्राएलीहरूलाई उहाँले आत्मिक पाठ सिकाउन चाहनुहुन्थ्यो। मृत्युको प्रतिकलाई उहाँले जीवनको प्रतिकमा परिणत गर्नुभएको थियो। त्यो ढलौतको सर्प येशूको प्रतिक थियो। हामीहरूलाई मुक्ति दिन उहाँले हाम्रो पापको भारी बोक्नुभएको थियो। हामी सबैले उहाँलाई विश्वासद्वारा क्रुसमा उचालिएको ख्रीष्टलाई हेर्न सक्दछौं। त्यहाँ हामीले सर्परुपी शैतानको विषालु टोकाइबाट उपचार पाएर निको हुनसक्छौं। यदि हामीले उहाँलाई हेरेनौं भने हामी पापकै भुमरीमा रहेर सदाको निम्ति मृत्युमा पर्नेछौं। परमेश्वरको वचनले यस मामिलामा स्पष्ट भएको देखाउँछ। हामी मानव जातभएकोले स्वःत पापी छौं र हामीलाई अनुग्रहको आवश्यकता छ। पापबाट राहत पाउने त्यो अनुग्रह हामीलाई येशू ख्रीष्टबाट उपलब्ध गराइएको छ।

मुक्तिको लागि येशूले सिकाउनुभएको सरल कदमहरू यस अध्यायमा अध्ययन गर्नेछौं।

## १. हाम्रो आवश्यकतालाई ठम्याउनु (लूका ५:२७-३२)

तपाईं कुन समूहमा हुनुहुन्छ भनेर लूका ५:२७-३२ले औंल्याएकोमा हेर्नुहोस्: " अनि यी कुरापछि उहाँ बाहिर जानुभयो, र लेवी नाउँ भएका एक जना कर उठाउनेलाई कर-अड्डामा बसिरहेका देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" २८ तब तिनले सबै थोक छोड़े, र उठेर उहाँको पछि लागे। २९ लेवीले आफ्नो घरमा उहाँको निम्ति ठूलो भोजको आयोजन गरे। त्यहाँ कर उठाउनेहरू र अरूहरू ठूलो संख्यामा उहाँहरूसँग भोजमा बसेका थिए। ३० फरिसीहरू र तिनीहरूका शास्त्रीहरू उहाँका चेलाहरूका विरुद्धमा यसो भनेर गनगनाउन लागे, "तिमीहरू कर उठाउनेहरू र पापीहरूसँग किन खानपान गर्दछौ?" ३१ तर येशूले तिनीहरूलाई भन्नुभयो, "निरोगीलाई वैद्यको खाँचो पर्दैन, तर रोगीलाई मात्र। ३२ म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ।"

कतिपय मानिसहरू शारीरिक रूपमा तन्दुरुष्त छन् र तिनीहरूलाई डाक्टरकहाँ जान आवश्यक हुँदन। तर आत्मिक रूपमा के अस्वस्थ छ ? सारा मानव समाज आत्मिक रूपमा बिमार छ। "कसैले पनि असल काम गर्दैन, अहँ भलो गर्ने कोही छैन" (भजन १४:३ रूपान्तरित)। आफ्नै प्रयासले कोही पनि धर्मी हुँदैन (रोमी ३:१०)। हामीले परोपकारी र केही असल कामहरू गरौंला।तर हामीहरूको नियतले गर्दा परमेश्वरको सामु कोही पनि धर्मात्मा बन्न सकिन्दैन। त्यसैकारणले त येशूले भन्नुभएको थियो "परमेश्वरको अगाडि धर्मी छु भन्नेहरूलाई उद्धार गर्न म आएको होइन।" (लूका ५:३२ रूपान्तरित)। यहूदी धार्मिक पण्डित फरिसीहरूलाई येशूले उक्त कुराले सम्बोधन गर्नुभएको थियो। अरू भन्दा आफू धर्मी छु भनेर तिनीहरूले फुर्ती गर्दथे। तर यथार्थमा तिनीहरू धर्मी थिएन। दुर्भाग्यवश तिनीहरू परमेश्वरको अगाडि असाध्ये धर्मी वा असल छौं भनेर सोच्दथे। तर तिनीहरू आत्मिक रूपमा अन्धा थिए (यूहन्ना ९:४०,४१)।

येशूमा आएर मुक्ति पाउने पहिलो कदमचाहिँ हामीहरू पापी छौं भनेर ठहरिएको हुनुपर्दछ। पापबाट उपचार पाउन पहिले हामी आत्मिक रूपमा रोगी छौं भनेर महसूस गर्नु आवश्यक छ। फेरि आफ्नै प्रयासले हामीहरूको आत्मिक रोगलाई निको पार्न सक्दैनौं भनेर जान्नु आवश्यक छ। तर हामीहरू आत्मिक रूपमा अन्धा छौं भने हामीहरूको आवश्यकतालाई कसरी थाहा पाउने? पापले गर्दा हामीहरूको असल अवस्थालाई पहिचान गर्न बधा गर्छ भने हामी पापी हौं भनेर कसरी स्वीकार्ने?

हामीहरूको अन्धो आत्मिक आँखालाई कसरी खुलाउने जसले गर्दा हामीलाई मुक्तिदाताको अति आवश्यकतालाई पहिचान गर्ने? त्यसको जवाफमा यूहन्ना १६:८मा यसरी लेखिएको छः “अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुन्छ।"

आत्मिक आँखामा लगाउने औषधीले मात्र हामीहरूको यथार्थ आत्मिक अवस्थालाई खुलाउँछ। त्यो औषधी हो, पवित्र आत्मा। येशूले हामीहरूको निम्ति कुनै काम गर्नुभन्दा अगाडि, पहिले हामी पापी छौं भनेर उहाँले हामीलाई महसूस गराउनुपर्दछ। हामीहरूको चेतनामा हामी पापी छौं भनेर येशूले निरन्तररूपमा सजग गराउनुहुन्छ। अनि हामी कतिको दोषी छौं भन्ने कुरालाई हामीहरूको मनभित्र बोध उहाँले गराउनुहुन्छ। यदि हामी पापी छौं भन्ने जानकारीलाई स्वीकार गऱ्यौं भने हामीलाई मुक्तिदाताको चाहनातिर हामीहरूको चेतनालाई डोऱ्याउँछ। जब हामीहरूको चेतनामा मुक्तिदाताको आवाजले बोल्दछ तब हामी त्यसलाई सुन्नुपर्दछ र त्यसलाई मान्न उत्सुक हुनुपर्दछ। यदि हामीले त्यो आवाजलाई सुन्न चाहनौं वा पापबाट फर्किन बोलाहतभएको विवेकमा चलिरहेको आवाजलाई कुल्चाइरह्यौं भने हामीहरूको हृदय पवित्र आत्माको विरुद्धमा कडा भएर बस्दछ। हामीहरूकै अनुमतिबिना पवित्र आत्माले केही गर्न नसक्ने हुनाले हामी पापमा झनझन फस्दछौं। यो बिचार एकदम भयाभव छ।

दोषी मनस्थितिमा रहनु, हामी अपराधी हौं, पापी हौं भनेर मुख अँध्यारो पारेर निराशाको भुमरीमा परिरहनु खराब कुरो हो। तर हामी

नराम्रो छौं भनेर पहिचान गर्न समर्थ भएकै हुनाले हामीहरूको आत्मिक आँखा खोलाउन पवित्र आत्मालाई कसरी काम गर्न अवसर दिन्छौं?

## २ पश्चाताप अर्थात् पवित्र आत्माको आवाजलाई सुनेर पापबाट फर्कनु (लूका १३:१-५)

पापको बारेमा ज्ञान हुनु वा आफूले पाप गरेको छ भनेर महसूस गर्नुमात्र पुग्दैन। पापबाट पश्चाताप गर्दै त्यसमा फेरि नलाग्ने प्रतिबद्धता हाम्रो दिमागमा पस्नुपर्दछ। बाइबलको अनुसार पश्चातापको परिभाषामा भागहरू समावेश भएको छः (१) आफूले पाप तथा गल्ती गरेको स्वीकार्नु (२) पाप गरेकोबाट दुःखित हुनु (३) त्यही पाप तथा गल्ती नदोहोऱ्याउने प्रतिबद्धता।

यदि ती तीनमध्ये केही कमी छ भने त्यसमा सही पश्चाताप भएको हुँदैन। उदाहरणमा येशूलाई धोका दिने यहूदालाई लिन सक्दछौं। उसले पनि पाप गरेको स्वीकार गरेको थियो। तर आफ्नो स्वामीलाई अन्तर्घात गरेकोमा आफूले दिक्क वा दुःख मानेको थिएन (मत्ती २७:३)। उसलाई नरमाइलो त लागेको थियो तर पश्चातापचाहिँ गरेन। यहूदाले आफ्नो कर्तुसलाई स्वीकार गरेतापनि त्यसबाट के नतिजा हुनेछ भन्ने कुरामा ऊ डराएको थियो तर तर स्वीकार ख्रीष्टलाई प्रेम गरेर आएको थिएन।

पश्चाताप गर्नु जरूरी छ भन्ने कुरामा स्पष्ट छ। दुवै बप्तिस्मा दिने यूहन्ना र येशूले आफ्ना सेवाकार्य यसरी सुरू गरेका थिए "पश्चाताप गर, किनभने स्वर्गको राज्य नजिकै छ!" (मत्ती ३:२, मत्ती ४:१७ रूपान्तरित)। पछि येशूले बाऱ्ह जना चेलाहरूलाई पहिलोपल्ट प्रचार गर्न पठाउँदा मानिसहरू पश्चाताप गर्नुपर्छ भन्ने सन्देश दिएर पठाएका थिए (मर्कूस ६:१२ रूपान्तरित)। पेन्टिकोस्टमा पवित्र आत्मा खनिएपछि भिडको सामु पश्चाताप गर्नुपर्छ भनेर पत्रुसले सम्बोधन गरेका थिए (प्रेरित २:३८, ३:१९)।

कोही मानिस पापबाट क्षमा चाहन्छ र मुक्तिको चाहना गर्छ भने पहिले उसले पश्चाताप गर्नु अत्यन्त आवश्यक छ भनेर येशूले कडा शब्दहरू प्रयोग गरी सम्बोधन गर्नुभएको थियो। उहाँको वचन लूका १३:१-५मा दिएकोमा हामीले के भन्ने? हेर्नुहोस्ः "१ त्यसै बेला

त्यहाँ कति जना उपस्थित थिए, जसले ती गालीलीहरूका विषयमा उहाँलाई भने, जसलाई पिलातसले हत्या गरी तिनीहरूको रगत बलि भइरहेका पशुको रगतसँग मिसाइदिएका थिए। २ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिनीहरूले यसरी कष्ट भोगे भन्दैमा, के तिमीहरू ठान्छौ, यी गालीलीहरू अरू सबै गालीलीहरूभन्दा बढ़ी पापी थिए? ३ म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ। ४ अथवा के तिमीहरू ठान्छौ, ती अठार जना, जो सिलोआममा धरहरा ढलेर मरेका थिए, कि तिनीहरू सबै यरूशलेमवासीहरूमध्ये बढ़ी अपराधी थिए? ५ त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नाश हुनेछ।"

सार्वजनिक रूपमा येशूले सबैको पापको भन्डाफोर गर्नुभएको थियो। त्यसकारण उहाँले आफ्ना श्रोताहरूलाई यसरी जोडदार सम्झाउनुभएको थियो "यदि तिमीहरू पनि तिमीहरूको पापबाट फर्केनौ भने तिमीहरू पनि त्यसरी नै नाश हुनेछौ।" (पद ५ रूपान्तरित)। पश्चातापबिना पापबाट स्वतन्त्र हुनु असम्भव छ। त्यसको अर्थ यो हो कि जब मानिसहरूले पश्चाताप गर्दैन तब तिनीहरूले आफ्नो जीवन परमेश्वरमा सुम्पन्न नचाहेको देखाउँछ। हामीलाई यसरी भनिएको त छ नै "परमेश्वरको सदाशयता वा दयाको अर्थ तिमीहरू आफ्ना पापहरूबाट फर्कनु हो।"(रोमी २:४ रूपान्तरित)। त्यसको अर्थ के हो त? बरफलाई टुक्रा टुक्रा गर्न सकिन्छ। तर त्यही बरफलाई आगोको रापको अगाडि राख्न सकिन्छ र त्यो पग्लिएर पानी हुन सक्छ। परमेश्वरको न्यानो प्रेम र हामीप्रति उहाँले रुचाएका हितलाई आत्मसात् गर्न सक्यौं भने मात्र हामीमा भएको गलत अहँ वा घमण्डको बरफ पग्लिन सक्छ। त्यसकारण परमेश्वरले हामीप्रति गर्नुभएको प्रेमका सबै प्रयासहरूलाई बुझ्नु अत्यन्त महत्त्वपूर्ण मान्नु पर्दछ। "परमेश्वरले हामीलाई प्रेम गरोस् भनेर हामी पश्चाताप गर्दैनौं। तर हामीले पश्चाताप गरोस् भनेर उहाँले हामीलाई प्रेम गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अब्जेक्ट लेसनस्, पृ. १८९बाट रूपान्तरित।

परमेश्वरले हामीलाई गर्नुभएको प्रेमका उदाहरणहरू के के छन्? तपाईंप्रति परमेश्वरको असल चाहनामा तपाईं भर पर्न सक्नुहुन्छ

भनेर तपाईंले के यस्ता अनुभवहरू गर्नुभएको छ जसले गर्दा तपाईंलाई प्रभावकारी रूपमा परमेश्वरलाई प्रेम गर्न उक्साउँछ?

## ३. येशूमाथि विश्वास तथा आस्था (लूका ७:४८,५०)

येशू हामीहरूको मुक्तिदाता भनेर विश्वास गर्न सक्यौं भनेमात्र सही पश्चाताप भएको ठहर्छ। उहाँको आशीषको उपभोग गर्न पहिला उहाँलाई विश्वास गर्नुपर्छ भनेर उहाँले बारम्बार डोहोऱ्याउनु भएको छ। "यदि तिमीले विश्वासमात्र गऱ्यौ भने किनभने जसले मलाई विश्वास गर्छ सबै थोक सम्भव हुन्छ।" (मर्कूस ९:२३ रूपान्तरित)। यदि हामी उद्धार पाउन चाहन्छौं भने विश्वास, आस्था तथा उहाँमा भरपर्नु अत्यन्त जरुरी छ। यो कुरो शैतानलाई थाहा छ। त्यसैकारण परमेश्वरमाथिको विश्वासबाट हामीलाई टाडा राख्न उसले भरमग्दुर प्रयास गरिरहेको हुन्छ (लूका ८:१२)।

तर विश्वास गर्नु वा उहाँमाथि आस्थावान हुनु भनेको येशूकै अनुसार के हो त? त्यो केवल भावानात्मक मात्र होइन। केही होला भनेर अपेक्षा गर्नु वा सोच्नु मात्र विश्वास होइन। त्यो केवल वौद्धिक ज्ञान वा कसरत मात्र होइन। विश्वास गर्नु भनेको दिमाग खियाउनु मात्र होइन। हावामा वा कुनै शुन्यतामा विश्वास गर्नु विश्वास होइन। तर विश्वासको एकदम महत्त्वपूर्ण लक्ष्य छ। आस्था राख्नुको अन्तरहृदयदेखी कसैमाथि विश्वास गर्नु वा भरपर्नु हो। येशूमाथि विश्वास गर्नु नै विश्वास वा आस्थाको लक्ष्य हो। येशूमाथि भरपर्नु र उहाँ हाम्रो निम्ति मर्नुभयो भनेर विश्वास गर्नु नै इसाई जीवनको विश्वासको परिभाषा हो। उहाँलाई विश्वास गर्नुको अर्थ उहाँ को भनेर चिन्नु, उहाँको बारेमा आत्मज्ञान प्राप्त गर्नु, उहाँको मर्मलाई बुझ्न खोज्नु (यूहन्ना ६:६९) र व्यक्तिगत रूपमा उहाँलाई हामीहरूको हृदयमा सजाउन ग्रहण गर्नु हो (यूहन्ना १:१२)।

हामीले परमेश्वरलाई माया गरेर होइन, उहाँले नै हामीलाई अत्यन्त प्रेम गरेर येशूलाई हाम्रो निम्ति यस संसारमा पठाउनुभएको हो। सही रूपमा जसजसले उहाँमाथि विश्वास गर्छ त्यसले अनन्त जीवन पाउँछ। यस मामिलामा संसारका सबै मानिसहरूलाई समेटिएको छ। तर एउटा कुरोको ख्याल गर्नुपर्छ। उहाँ मर्नुभयो

भन्दैमा स्वतः सबैजनाले अनन्त जीवन पाउँछ भन्ने छैन। अनन्त जीवन पाउन हामीलाई उहाँको धार्मिकताको पोशाक पहिरनुपर्दछ। त्यो पोशाक हामीहरूको कुनै धार्मिक अथक प्रयासद्वारा पाउने होइन तर केवल उहाँमा विश्वास गरेर वा उहाँमाथि आस्थावान भएर चलेमात्र उहाँको धार्मिक वा असल जीवनको पोशाक पहिरिएका हुन्छौं। संसारको अन्तमा हामीलाई उहाँले बौरी उठाउनुहुनेछ र नयाँ जीवन दिनुहुनेछ भन्ने महान् कबूल पनि उहाँले गर्नुभएको छ (यूहन्ना ६:४०)।

पापमय जीवन बिताइरहेकी नारीलाई येशूले यो महान आशाको किरणले भरिदिनुभएको थियो, "हे नारी, तिम्रा पापहरू क्षमा भयो....तिम्रै विश्वासले तिमीलाई उद्धार गरिएको छ।" (लूका ७:४८, ५० रूपान्तरित)। त्यसको अर्थ के हो? के हामीहरूको विश्वास वा आस्थाले हामीले मुक्ति पाउँछौं र?

जब जब येशूले कसैलाई निको पार्नुभयो तब तब प्रायजसो उहाँले यो भन्ने गरेको पाइन्छः "तिम्रो विश्वासले तिमी निको भयो।" (मत्ती ९:२२, मर्कूस १०:५२, लूका १७:१९ रूपान्तरित)। यो वचन भनेर कसैलाई पनि उसको विश्वासमा निको पार्ने शक्ति उपलब्ध गराइएको होइन। तिनीहरूको विश्वासको पूर्णता यसैमा थियो कि येशूमा निको पार्ने शक्ति छ भनेर उहाँमाथि भरपर्नु। विश्वासको शक्ति विश्वास गर्ने व्यक्तिमा उम्रिने होइन। तर उसले विश्वास गर्ने परमेश्वरबाट नै विश्वासको शक्ति उपलब्ध गराइएको हुन्छ।

जब हामी प्रार्थना गर्छौं तब हामीहरूको विश्वासले कस्तो काम गर्छ भन्ने कुरामा किन सजग हुनु जरूरी छ? विशेष गरेर बिरामी निको पार्न गरिने प्रार्थनामा हामी बढो होशियारी अपनाउनु पर्दछ। के हामीमा प्रशस्त विश्वास नभएकोले कोही मानिस निको नभएको हो र?

## ४. विवाहको समारोहमा लगाउने पोशाक (मत्ती २२:२-१४)

मानिसहरूको माझमा बसेर येशूले सबैको हृदयमा धक्का दिने वचन यसरी बोल्नुभएको थियो "धर्मशास्त्रका पण्डित र फरिसी धर्मगुरूहरूको धार्मिकता भन्दा तिमीहरूको धार्मिकता उच्च हुनुपर्दछ। यदि तिमीहरू तिनीहरूभन्दा असल भएनौ भने तिमीहरू स्वर्गको राज्यमा कदापी पस्न सक्दैनौ।" (मत्ती ५:२० रूपान्तरित)। कोही कोही मात्र

फरिसीहरूभन्दा नितीनियमहरू पालन गर्न कट्टर थिए। तर देखावटी रूपमा परमेश्वरलाई भन्दा अरूलाई आफू कति असल छु भनेर देखाउने प्रवृत्तिले गर्दा तिनीहरू असफल धर्मगुरूहरू भएको येशूले ठोकुवा गर्नुभएको थियो। ती पण्डित वा फरिसीहरू (गुरू वा स्वामी भनेर सम्बोधन गरिएको रुचाउने) जस्तो उहाँमा आस्थामा लाग्नेहरू हुनुहुन्दैन भनेर उहाँले सजग गराउनुभएको थियो (मत्ती ६:१)।

तब हामी परमेश्वरको अगाडि कसरी असल वा धर्मी हुन्छौं त? सत्य धार्मिकता वा सही असल प्रवृत्ति के रहेछ भनेर स्पष्ट पार्न येशूले एउटा अर्तीकथा भन्नुभएको थियो। त्यो कथा विवाहको उपलक्ष्यमा गरिएको भोजको बारेमा छ।

भोजमा राजाले प्रत्येक पाहुनासँग उनले उपलब्ध गराइएको भोजमा लगाउने पोशाक लगाइएको अपेक्षा किन गरेको होला? हेर्नुहोस् "१ अनि येशूले तिनीहरूलाई अर्को दृष्टान्तको रूपमा यस्तो कथा भन्नुभयो, २"परमेश्वरको राज्य त आफ्नो छोराको विवाहमा निम्तारुहरूलाई भोज खुवाउन बोलाउने एउटा राजासँग दाँज्न सकिन्छ। ३ ती राजाले निम्तारुहरूलाई बोलाउन आफ्ना नोकरहरू पठाए। तर तिनीहरू भने आउन चाहेनन्। ४ अनि उनले फेरि अरू नोकरहरूलाई यसो भनेर पठाए, "गएर ती निम्तारुहरूलाई भन, "खाने बेला भयो, मोटा-मोटा पशुहरू काटेका छन्। अब भोज मनाउनको लागि आउनुहोस्"।" ५ तर ती निम्तारुहरूले वास्तै नगरीकन आ-आफ्ना काममा गए। कोही आफ्नो बारीतिर लागे अनि कोहीचाहिँ आफ्ना व्यापार-धन्दातिर लागे। ६ अरू बाँकीले चाहिँ राजाका नोकरहरूलाई नै पक्री कुटपिट गरेर अन्तमा मारिदिए। ७ ती राजा रिसले आगो भए अनि आफ्ना सेनाहरू पठाएर ती ज्यानमाराहरूलाई मार्न लगाए र तिनीहरूको सहरमा आगो लगाइदिए।

८ त्यसपछि तिनले नोकरहरूलाई राजाले फेरि भने, "विवाहको भोज त तयार छ, तर मैले निम्त्याएकाहरूचाहिँ यो भोज खान लायकका रहेनछन्। ९ यसकारण तिमीहरू सडकका छेउछाउतिर जाओ र ज-जसलाई भेट्टाउँछौ, तिनीहरूलाई भोजमा बोलाएर ल्याओ।" १० अनि नोकरहरू सडकमा गए र भेटिए जति राम्रा-नराम्रा सबैलाई बोलाएर ल्याए। यसरी बिहे घर मानिसहरूले भरिभराउ भयो। ११ राजाले

पाहुनाहरूलाई हेर्न आउँदा त एक जनालाई बिहेमा लाउनुपर्ने लुगा नलगाई आएको देखे। १२ राजाले तिनलाई सोधे, "ए मित्र! तिमी विवाहको लुगै नलगाईकन कसरी भित्र पस्यौ?" तर ती मानिसले केही पनि जवाफ दिन सकेनन्। १३ तब राजाले आफ्ना नोकरहरूलाई अह्राए, "लौ, यसका हात-खुट्टा बाँधेर बाहिर अन्धकारमा फ्याँकिदेओ। त्यहाँ यसले दाह्रा किट्दै रुवाबासी गरिरहोस्।" १४ अन्तमा येशूले भन्नुभयो, "निम्त्याइएका त धेरै छन्, तर चुनिएका चाहिँ थोरै मात्र हुन्छन्।" बिहेमा लगाउने त्यस पोशाकको अर्थ के हो भनेर देहायका पदहरूले खुलाउँछन् हेर्नुहोस्, यशैया ६१:१० "परमप्रभुको कारणले यरूशलेम रमाउँछ। पूजाहारीजस्तै दुलाहाले आफ्नो शिर सिंगारेझैं र दुलहीले आफैंलाई रत्न-मणीले सिंगारेझैं परमेश्वरले मलाई उद्धारको पोशाक पहिराइदिनुभएको छ।" र जकरिया ३:१-५, "१ परमप्रभुले मलाई अर्को एउटा दर्शन दिनुभयो। मैले महा-पूजाहारी यहोशू परमप्रभुको दूतको अगाडि उभिएका देखें। त्यहाँ यहोशूको छेउमा उनलाई दोष दिन शैतान उभिरहेको थियो। २ परमप्रभुका दूतले शैतानलाई भने, "शैतान, तँलाई परमप्रभुले हप्काऊन्! यरूशलेमलाई चुन्नुहुने परमप्रभुले तँलाई सजाय देऊन्! यो मानिस त आगोबाट निकालिएको अगुल्टो मात्र होइन र?" ३ यहोशू मैला लुगा लाएर उभिएका थिए। ४ स्वर्गदूतले तिनका सुसारेहरूलाई भने, "यस मानिसको मैलो लुगा फुकालिदेओ। " त्यसपछि उनले यहोशूलाई भने, "हेर, मैले तिम्रो पाप हटाइदिएको छु र म तिमीलाई बहुमूल्य लुगा लगाइदिनेछु। "५ उनले सुसारेहरूलाई यहोशूको टाउकोमा सफा फेटा लाइदिने आज्ञा दिए। सुसारेहरूले त्यसै गरे र उनको जिउमा बहुमूल्य लुगा पनि लाइदिए। स्वर्गदूतचाहिँ त्यहीँ उभिरहेका थिए। "

अति दामी निमन्त्रणाको कार्ड स्वरुप राजाले प्रत्येक पाहुनालाई सित्तैंमा बिहेको समारोहमा लगाउने विशेष पोशाक दिएको थियो। ती पाहुनाहरू बाटाघाटामा हिँडिरहेका मानिसहरू थिए। तिनीहरू सफा र असल लुगाहरू नलगाएको हुनसक्छ। राजाको निमन्त्रणा ग्रहण गर्न सुहाउँदो लुगा किन्न आफूहरूसँग पैसा पनि नभएको हुनसक्छ। विवाहको निमन्त्रणा र पोशाक राजाबाट दिएका उपहारहरू थिए।

बिहेमा राजाले दिएका उपहारहरूलाई केवल ग्रहण गरेर भोजमा आउनुमात्र तिनीहरूको काम थियो।

अदनको बगैंचामा पाप पसेदेखि नै प्रत्येक मानिस आत्मिक रूपमा नाङ्गो छ। परमेश्वरको आज्ञा नमान्दा आफूहरू नाङ्गिएको आदम र हवाले चाल पाएका थिए। अनि तिनीहरूले अञ्जिरका पातहरू गाँसेर लुगा बनाएर आफूहरूलाई छोपेका थिए (उत्पत्ति ३:७)। आफ्नै हातले बनाएका लुगाहरू सुहाउँदो र सुविदाजनक थिएन। तिनीहरूले राम्रोसँग काम पनि गरेका थिएन। हामीहरूले ठानेको र गरेका जुनसुकै उत्तम धार्मिक क्रियाकलापहरू केवल फोहरी थाङ्नाहरूमात्र हुन् (यशैया ६४:६ रूपान्तरित)।

उपरोक्त अर्तीकथामा भनेको जस्तै हामीलाई चाहिने पोशाक परमेश्वरले दिनुहुन्छ। आदम र हवाको निम्ति उहाँले विशेष लुगा दिएर पहिराउनुभएको थियो (उत्पत्ति ३:२१)। त्यो हामीहरूको निम्ति उहाँको धार्मिकताको प्रतिक थियो। हामी पापीहरूलाई उहाँले नै छोपी दिनुहुन्छ भन्ने आत्मज्ञान हामीमा हुनु जरुरी छ। उहाँको चर्चलाई ख्रीष्टको धार्मिकताको पोशाक पनि परमेश्वरले दिनुहुन्छ। उहाँ चाहनुहुन्छ कि उहाँको चर्चले सफा, चहकिलो र नरम सूतीको पोशाक पहिरिउन् (प्रकाश १९:८ रूपान्तरित)। त्यस पोशाकमा कुनै दाग वा खुम्चाखुम्ची वा फोहरी नभएको उहाँ चाहनुहुन्छ (एफिसी ५:२७ रूपान्तरित)। त्यो पोशाक ख्रीष्टको धार्मिकता हो। जसको अर्थ "उहाँको सिद्ध चरित्र वा स्वभाव हो। उहाँलाई व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गर्ने सबैलाई तिनीहरूको विश्वासले गर्दा तिनीहरूमा ख्रीष्टको चरित्र दिइएको हुन्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अब्जेक्ट लेशनस्, पृ. ३१०बाट रूपान्तरित।

हामीले विश्वास गर्ने सबै शिक्षादिक्षाहरूको सारमा हामीले पाउने मुक्ति केवल ख्रीष्टले दिने उपहारले मात्र छोपिनु पर्छ भन्ने बुझ्नु किन जरुरत छ? यो कुरा हरदम किन सम्झिरहनुपर्दछ?

## ५. येशूलाई पछ्याउनु (यूहन्ना ८:३०,३१)

विश्वासद्वारा नै हामीहरूले हामीहरूका आवश्यकताहरू को पहिचान हुन्छ, पश्चाताप गर्ने मन र पापहरू स्वीकार गर्ने मनस्थितिको सृजना हुन्छ। अनि ख्रीष्टको सदाशयता हामीहरूको हृदयमा पसिन्छ र उहाँको धार्मिकता वा असल मार्ग हामीहरूको हो भनेर ग्रहण गर्दछौं। येशूले आफ्नो सेवाकार्यको कार्यकालमा विभिन्न व्यक्तिहरूलाई आफ्ना चेलाहरू बनाउन बोलाउनुभएको थियो। पत्रुस, याकूब र यूहन्ना तीमध्ये केही चेलाहरू हुन्। येशूको पछि लाग्दा आफ्ना कुराहरूलाई बिर्सेर उहाँमा नै तल्लिन हुनुपर्छ भनेर त्यस बोलावटको उद्देष्य थियो (मत्ती ४:२०,२२, मर्कूस १०:२८, लूका ५:२८)। यथार्थमा भन्ने हो भने सुसमाचारमा उल्लेख गरिएको "पछ्याउनु" भन्ने क्रियापदको अर्थ "चेला वा उपासक" हुनु हो।

जब तपाईं आत्मनिर्णय गरेर येशूको भक्त वा उपासक हुन रोज्नुहुन्छ दुई महत्त्वपूर्ण कुराहरूको ख्याल गर्नुपर्छ त्यो के हो भनेर यूहन्ना ८:२७-३१ले यसरी बताउँछ "२७ येशूले स्वर्गमा बस्नुहुने पिताको बारेमा भन्दै हुनुहुन्छ भनेर तिनीहरूले बुझेनन्। २८ त्यति बेला येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले म मानव पुत्रलाई काठमा टाँगेर उचालेपछि "म जो हुँ त्यही नै हुँ" भन्ने तिमीहरूले थाहा पाउनेछौ। म आफ्नै खुसीले केही पनि गर्दिनँ, तर पिताले मलाई सिकाउनुभएका कुराहरू मात्र गर्छु भन्ने कुरा पनि तिमीहरूले जान्नेछौ। २९ मलाई पठाउनुहुने मसँगै हुनुहुन्छ, उहाँले मलाई एक्लै छोड्नुभएको छैन किनभने म जहिले पनि उहाँलाई खुसी तुल्याउने काम मात्रै गर्छु।" ३० येशूले भन्नुभएका यी कुराहरू सुनेर धेरैले उहाँमाथि विश्वास गरे। ३१ येशूले उहाँमाथि विश्वास गर्ने यहूदी अगुवाहरूलाई भन्नुभयो, "मेरो शिक्षालाई मानिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ ३२ अनि तिमीहरूले सत्य चिन्नेछौ सत्यले तिमीहरूलाई छुट्कारा दिनेछ।"

कतिपय इसाई हौं भनेर दावी गर्नेहरूले उहाँमाथिको आस्था र शिक्षादीक्षालाई अलग अलग गरेर हेरेको पाइन्छ। तर येशूले त्यसरी अलग्याउनुभएन। सही चेला हुन विश्वास र आज्ञा पालन एउटै धागोमा बुन्नु पर्छ भन्ने येशूको भावना हो। येशूका भक्तहरू हौं भन्दैमा उहाँका शिक्षादीक्षामा मात्र हराउनुहुन्न किनकि त्यसो गर्दा येशू आफैलाई पनि

हामीले ओझेलोमा पार्न सक्छौं। उहाँसँग व्यक्तिगत सम्बन्ध पनि जारी राख्नुपर्छ र उहाँका शिक्षादीक्षामा पनि तल्लिन हुनुपर्छ। (विश्वास र आज्ञा पालन अर्थात् उहाँका वचनहरू पालन गर्नु भनेको येशू भक्तको दुई पाङ्ग्रा हुन्)।

तर येशूलाई पछ्याउँदा कस्तो ठूलो मूल्य चुकाउनु पर्छ भनेर लूका १४:२५-२७मा यसरी बताउँछन् "एक दिन मानिसहरूको ठूलो हुल येशूसँग जाँदै थियो। येशूले तिनीहरूतिर फर्केर भन्नुभयो, २६ "मेरो पछि लाग्न चाहनेले आफ्ना आमा-बुबा, जहान, छोरा-छोरी, दाजुभाइ, दिदी-बहिनी र आफैंलाई भन्दा बढी मलाई प्रेम गर्नुपर्छ नत्र ऊ मेरो चेला हुन सक्दैन। २७ आफ्नो क्रूस बोकेर मेरो पछि नलाग्नेचाहिँ मेरो चेला हुन सक्दैन।"

कतिपय अनुवादहरूमा "आफैलाई भन्दा बढी" भन्नुको अर्थ आफ्ना परिवार वा श्रीसम्पत्तिलाई घृणा गर्नुपर्छ भनेर उल्लेख गरेका छन्। तर मत्तीमा गरिएको र माथिको अनुवादले घृणाको अर्थ कम माया गर्नु हो। "३७ मलाई भन्दा आफ्ना आमा-बुबालाई बढी माया गर्ने मानिस मेरो चेला बन्ने लायकको हुँदैन। त्यसै गरी मलाई भन्दा आफ्ना छोरा-छोरीलाई बढी माया गर्ने पनि मेरो चेला बन्ने लायकको हुँदैन।" (मत्ती १०:३७)। (अर्थात् येशूलाई सर्वोपरी नगर्ने चेला नालायक चेला भन्न खोजिएको पाइन्छ)। हामीहरूको प्रत्येक जीवनशैलीमा येशूले प्रथम् स्थान ओगटनुपर्छ छ तब मात्र हामी सही येशूभक्त वा इसाई वा उपासक भनेर दावी गर्न सक्षम् हुन्छौं।

येशूलाई पछ्याउँदा तपाईंले कस्तो मोल चुकाउनु परेको थियो? तपाईंको जवाफले तपाईं येशूसँगसँगै कसरी हिँडिरहनुभएको छ भनेर कसरी देखाउँछ?

**उपसंहारः**

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित स्टेपस टु क्राइस्ट, पृ. २३-३२को "रिपेन्टेन्स" भन्ने लेख पढ्नुहोस्।

"पापले गर्दा कठोर भएको चेतनालाई जागृत गराउन ख्रीष्टको आत्माले हामीहरूको दिमागमा काम गर्नुपर्छ। अनि ख्रीष्टले हामीलाई क्षमा दिनुहुन्छ। इसाई जीवनमा ख्रीष्टको आत्मा र क्षमा दुवै अत्यन्त

महत्त्वपूर्ण छन्।"-एलेन जी ह्वाइट, स्टेपस टु क्राइस्ट पृ. २६बाट रूपान्तरित।

"क्रुसमा टाँगिएको परमेश्वरको थुमालाई हामी हेरिरहन आवश्यक छ। यदि हामीले त्यसमा नियाली रहन सफल भयौं भने परमेश्वरको रहस्यलाई अझ राम्ररी बुझ्न सक्दछौं। हामीहरूको सर्वोच्च हित उहाँले चाहनुभएको ज्ञान पाएपछि हामीलाई पश्चातापको बाटोमा डोऱ्याउँछ। अनि हामीहरूको पापको निम्ति उहाँले कस्तो मोल चुकाउनुभयो भन्ने आत्मज्ञान हामीमा जाग्नेछ। क्रुसमा मरेर ख्रीष्टले हामीहरूलाई कस्तो प्रेम गर्नु भन्ने ज्ञान हामीहरूको समझशक्ति भन्दा बाहिरको कुरो हो। तर जब उहाँको प्रेमलाई हेर्न पापी सक्षम् हुन्छ तब उसको हृदय पग्लिन्छ, उसको दिमागमा प्रभाव पार्दछ र उसको हृदय पश्चाताप गर्न उक्साउँछ।"- स्टेपस टु क्राइस्ट पृ. २६,२७बाट रूपान्तरित।

"यदि हृदय नम्र भयो र टुक्रा टुक्रा भयो भने त्यसले सही पश्चातापतिर डोऱ्याउँछ। अनि परमेश्वरको प्रेम र उहाँले क्रुसमा चुकाउनुभएको मोल केही हदसम्म त्यसले सराहना त्यस विश्वासी हृदयले गर्न सक्नेछ। जसरी उडन्ता पुत्रले आफ्ना पापहरू आफ्नो प्रेमिलो पिताको सामु पोखे त्यसरी नै पश्चाताप गरेको पापीले परमेश्वरको सामु आफ्ना पापहरू ल्याउनेछन्। यसरी लेखिएको छ, "यदि हामीले पाप गऱ्यौं भनेर स्वीकार गऱ्यौं भने उहाँले (परमेश्वर) हामीहरूका पापहरू क्षमा गर्नुहुनेछ। हामीहरूले गरेका प्रत्येक गल्तीहरूलाई उहाँले क्षमा दिनुहुनेछ। उहाँले हामीलाई निष्कलङ्क वा शुद्ध बनाउनुहुनेछ" (१ यूहन्ना १,९)। स्टेपस टु क्राइस्ट पृ. ४१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. विभिन्न मनबहलाउने क्रियाकलापहरु, मादक पदार्थ, लागु पदार्थ र सांसारिक मोहद्वारा आफ्नो दिक्क, उदासिनता वा अपारधिक मनस्थितिलाई कतिपय मानिसहरू डुवाउन खोज्दछन्। तर यथार्थमा ती सबै थोकहरू निरर्थक नै छन्। कोही मानिस नराम्रो

मानिरहेको छ, दोषी मनस्थितिले पिरेलेको छ वा आफू हराइएको वा वेकारको जीवन भन्ने भावनाले उम्लिरहेको छ भने त्यसलाई तपाईंले कसरी सहायता गर्ने?

आ. पश्चाताप गर्न अस्वीकार गरेतापनि हामीहरूले हामीहरू पापमा छौं तर त्यसलाई के गर्ने भन्ने कुरामा वेवास्ता गरी बुझ पचाएर बस्नु सम्भब भएको पाइन्छ। तर कोही सही रूपमा पश्चाताप गर्‍यो वा आफूले गरेको गल्तीलाई हृदयदेखि दुःख मनाउँदा पश्चातापको सही फल पाएको अनुभव हुनसक्छ। तर के पश्चाताप गरेर असल काम गर्नुको अर्थ परमेश्वरको नजरमा राम्रो हुन खोज्नु हो त?

इ. हो, येशूको धार्मिकता सित्तैमा पाइन्छ, त्यसलाई पैसा तिरेर किन्नुपर्दैन। तर ख्रीष्टले तिर्नुभएको उच्च मोलको बारेमा सोच्नुहोस्। हामी कतिको पापी छौं र पाप कत्तिको गम्भिर छ भनेर सोच्नुहोस्। हामीहरू पापको नतिजाबाट उम्कियोस भनेर परमेश्वरको पुत्र आफै भयङ्कर यातना सहेर मर्नु परेको बारेमा गम्भिर भएर सोच्नु होस्।